**17th of May**

**मुख्य समाचारहरुबाट**

- **भारतद्वारा आतंकवादविरुद्ध अन्तर्राष्ट्रिय समर्थन जुटाउन प्रतिनिधिमण्डल पठाइने**
- **प्रधानमन्त्रीले 22 मेइमा 103 अमृत भारत रेलवे स्टेशनहरूको उद्घाटन गर्नुहुने**
- **उपराष्ट्रपतिद्वारा राष्ट्रहितविरुद्ध देशहरूलाई सशक्त नबनाउन आग्रह**
- **विदेश मन्त्रीले भारत-अमेरिका व्यापार वार्ता जारी रहेको तर अन्तिम निर्णयसम्म पुग्न समय लाग्ने बताउनुभयो**
- **नयाँ पार्टी गठन गर्ने घोषणा सहीत दिल्लीका  आप पार्टीका 15 जना  पार्षदले दिए राजीनामा,**

**अब समाचार विस्तारमा**

**अपरेशन सिन्दूरको सन्दर्भमा भारतको दृष्टिकोण प्रस्तुत गर्न सातवटा सर्वदलीय टोली विदेश पठाइने**

भारत सरकारले पाकिस्तान समर्थित आतंकवादविरुद्ध "अपरेशन सिन्दूर" को पृष्ठभूमिमा अन्तर्राष्ट्रिय समुदायसमक्ष भारतको दृष्टिकोण स्पष्ट गर्न सातवटा सर्वदलीय प्रतिनिधिमण्डल विभिन्न देशहरूमा पठाउने निर्णय गरेको छ। यी टोलीहरूले संयुक्त राष्ट्र सुरक्षा परिषद् सदस्य राष्ट्रहरू तथा अन्य प्रमुख साझेदार देशहरूको भ्रमण गर्नेछन्। प्रतिनिधिमण्डलहरूमा विभिन्न राजनीतिक दलका सांसद, प्रमुख नेताहरू र अनुभवी कूटनीतिज्ञहरू सहभागी हुनेछन्। भाजपा सांसद रविशंकर प्रसादले यस पहललाई प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदृष्टिको उदाहरण भन्दै भारतको सामूहिक संकल्पले आतंकवादविरुद्ध अन्तर्राष्ट्रिय एकता प्रदर्शन गर्ने बताउनु भएको छ।

भाजपा नेता बैजयन्त पाण्डाले "अपरेशन सिन्दूर" मार्फत पाकिस्तानलाई स्पष्ट सन्देश दिइएको भन्दै जम्मु-कश्मीर र अन्य विषयहरूमा पाकिस्तानको दुष्प्रचारलाई अन्तर्राष्ट्रिय स्तरमा सक्रियतापूर्वक खण्डन गर्नुपर्ने बताउनु भयो। राष्ट्रवादी कांग्रेस पार्टीकी सांसद सुप्रिया सुलेले प्रतिनिधिमण्डलमा पाएको जिम्मेवारीप्रति आभार व्यक्त गर्दै भारत आतंकवादविरुद्ध दृढ प्रतिबद्ध रहेको उल्लेख गरि्नुभयो। शिवसेना सांसद श्रीकान्त शिन्देले भारतको आतंकवादविरुद्ध शून्य सहनशीलताको नीति स्पष्ट गर्दै अझ केही देशहरू आतंकवादको समर्थक मुलुकसँग  उभिएकोमा  दुःख व्यक्त गर्नुभयो।

**साओ पाउलोमा श्री गडकरीद्वारा प्रवासी भारतीयहरूलाई भारतको समृद्ध भविष्यमा साझेदार बन्न आग्रह**

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले विश्वभर छरिएका प्रवासी भारतीयहरूलाई भारतको दिगो र समृद्ध भविष्य निर्माणका लागि अनुसन्धान, लगानी र साझेदारी गर्न आग्रह गर्नुभएको छ। उहा ब्राजिलको साओ पाउलोमा आयोजित एक कार्यक्रममा प्रवासी भारतीय समुदायलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। सम्बोधनका क्रममा श्री गडकरीले भारतको विश्व मञ्चमा बढ्दो प्रभावको उल्लेख गर्दै भन्नुभयो,की “भारत आज द्रुत आर्थिक विकास, पूर्वाधार निर्माणको तीव्र गति र अन्तर्राष्ट्रिय साझेदारीको विस्तारका माध्यमबाट नयाँ उचाइमा पुगिरहेको छ।” केन्द्रीय मन्त्री गडकरीले भारतलाई अवसरहरूको भूमिका रूपमा चित्रित गर्नु पनि भयो। उहाले प्रवासी भारतीय समुदायका गहिरा सांस्कृतिक मूल्यको सराहना

**प्रधानमन्त्रीले 22 मेइमा 103 अमृत भारत रेलवे स्टेशनहरूको उद्घाटन गर्नुहुने**

प्रधानमन्त्री नरेन्द्र मोदीले 22 मैइ का दिन राजस्थानको बीकानेर जिल्लास्थित देशनोक-बाट भारतभरिका 103 अमृत भारत रेलवे स्टेशनहरूको उद्घाटन गर्नुहुने छ। यी सबै स्टेशनहरूलाई ‘अमृत भारत स्टेशन योजना’ अन्तर्गत आधुनिक सुविधासहित पुनर्विकास गरिएको छ। आकाशवाणी समाचारसँग विशेष कुराकानी गर्दै भारतीय रेलवे बोर्डका सूचना तथा प्रसारण विभागका कार्यकारी निर्देशक

दिलीप कुमारले दिनुभएको जानकारी अनुसार यी स्टेशनहरूलाई सहरका 'सिटी सेन्टर'को ढाँचामा पुनः निर्माण गरिएको हो। उहाले थप भन्नुभयो की , "यी स्टेशनहरूमा क्षेत्रीय संस्कृति र सम्पदाको झल्को पाइनेछ, जसले यात्रुहरूलाई स्थानीय पहिचानको अनुभव गराउनेछ।"

**उपराष्ट्रपतिद्वारा राष्ट्रहितविरुद्ध देशहरूलाई सशक्त नबनाउन आग्रह**

उपराष्ट्रपति जगदीप धनखडले भन्नुभएको छ, जो भारतका हितविरुद्ध छन् र संकटका बेला भारतको विपक्षमा उभिन्छन् अब ती देशहरूलाई भारतले सशक्त बनाउने जोखिम उठाउन नसक्ने स्पष्ट पार्नुभएको छ। **byte….**नयाँ दिल्लीस्थित जयपुरिया इन्स्टिच्युट अफ म्यानेजमेन्ट-को दीक्षान्त समारोहमा बोल्दै उहाले प्रत्येक नागरिकलाई राष्ट्र सुरक्षामा योगदान पुऱ्याउने अधिकार भएको बताउनु भएको छ। व्यापार, उद्योग, वाणिज्य क्षेत्रले विशेषगरी सुरक्षा सम्बन्धी मुद्दाहरूमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो। श्री धनखडले "अप्रेशन सिन्दूर" को उल्लेखनीय सफलताका लागि सशस्त्र बलहरू र प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई पनि दिनुभयो।

**अपरेसन सिन्दूर- विजय उत्सव**

पूर्वोत्तर क्षेत्र गुवाहाटीका अतिरिक्त महानिर्देश आशिष भटनागर अनि आकाशवाणी पासीघाट टीमले गुवाहाटीबाट लगभग छ सय अस्सी किलोमिटर टाढा अरुणाचल प्रदेशको पश्चिम सियाङ जिल्लाको दुर्गम गाउँ काम्बामा 'अपरेसन सिन्दूर' को विजय उत्सव मनाएको छ। यो टीम पूर्वोत्तर क्षेत्रको स्थानीय जनता, विशेष गरी सुदुर क्षेत्रमा बस्ने युवा र महिलाहरूसँग जोडिने प्रयास थियो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**विदेश मन्त्रीले भारत-अमेरिका व्यापार वार्ता जारी रहेको तर अन्तिम निर्णयसम्म पुग्न समय लाग्ने बताउनुभयो**

विदेश मन्त्री एस. जयशंकरले भारत र अमेरिका बीचको व्यापार वार्ता जटिल अवस्थामा रहेको र अन्तिम निर्णयसम्म पुग्न अझ समय लाग्ने बताउनुभएको छ **byteee…** उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको टीप्पणीप्रति प्रतिक्रिया दिँदै यो कुरा बताउनु भएको हो, जसमा श्री ट्रम्पले भारतले अमेरिकी वस्तुहरूमा सबै शुल्क हटाउने प्रस्ताव गरेको बताउनु भएको थियो। पत्रकारहरूसँगको कुराकानीमा श्री जयशंकरले भन्नुभयो, "भारत र अमेरिकाबीच व्यापारसम्बन्धी छलफल जारी छ, तर कुनै पनि सम्झौता दुवै देशका लागि लाभदायक र हितमा हुनुपर्छ।" यसअघि श्री ट्रम्पले आफु व्यापार सम्झौता गर्न हतारमा नरहेको बताउनु भएको थियो।

**विश्व उच्च रक्तचाप दिवस: सचेत रहौं, दीर्घायु बनौं**

आज विश्वभर उच्च रक्तचाप दिवस पालन भयो। यसको उद्देश्य रक्तचापसम्बन्धी जोखिमबारे जनचेतना फैलाउनु र नियन्त्रणका उपायहरू जानकारी गराउनु हो। यो वर्षको सन्देश हो — "आफ्नो रक्तचाप सही तरिकाले नापौं, नियन्त्रण गरौं र लामो जीवन जिउँ।" अखिल भारतीय आयुर्विज्ञान संस्थान (AIIMS) को Medicine विभागका प्राध्यापक डा. नवल के. विक्रमका अनुसार, उच्च रक्तचापका प्रायः गम्भीर अवस्थामा पुगेपछि मात्रै लक्षण देखिन्छन् र यसले मुटु रोग र आघातको खतरा बढाउँछ। उहाले नियमित रूपमा रक्तचाप जाँच्न, खानामा नुनको मात्रा घटाउन, तनाव कम गर्न, शारीरिक सक्रियता बढाउन र सन्तुलित आहार लिन सुझाव दिनुभएको छ।

**नयाँ पार्टी गठन गर्ने घोषणा सहीत दिल्लीका  आप पार्टीका 15 जना  पार्षदले दिए राजीनामा,**

दिल्ली नगर निगमका 15-जना पार्षदहरूले आम आदमी पार्टी (आप) को प्राथमिक सदस्यता त्याग गरेका छन्। राजीनामा दिएका यी जनप्रतिनिधिहरूले अब "इन्द्रप्रस्थ विकास पार्टी" गठन गर्ने घोषणा गरेका छन्। पार्षद हिमानी जैनका अनुसार, विगत दुई वर्षभन्दा बढी समयको अवधिमा नगर निगममा ठोस विकास कार्य हुन नसकेको गुनासो गर्दै सबै पार्षदहरूले आप पार्टी छाड्ने निर्णय गरेका हुन्। उहाले नयाँ पार्टी गठनको उद्देश्य दिल्लीको विकासमा प्रभावकारी रूपमा काम गर्नु रहेको बताउनु भएको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **भारतद्वारा आतंकवादविरुद्ध अन्तर्राष्ट्रिय समर्थन जुटाउन प्रतिनिधिमण्डल पठाइने**
- **प्रधानमन्त्रीले 22 मेइमा 103 अमृत भारत रेलवे स्टेशनहरूको उद्घाटन गर्नुहुने**
- **उपराष्ट्रपतिद्वारा राष्ट्रहितविरुद्ध देशहरूलाई सशक्त नबनाउन आग्रह**
- **विदेश मन्त्रीले भारत-अमेरिका व्यापार वार्ता जारी रहेको तर अन्तिम निर्णयसम्म पुग्न समय लाग्ने बताउनुभयो**
- **नयाँ पार्टी गठन गर्ने घोषणा सहीत दिल्लीका  आप पार्टीका 15 जना  पार्षदले दिए राजीनामा,**